रु.जि.व.का. दर्ता नं.३९/३४ २०५८/            समूह दर्ता नं.०२७
२०५४/५५

# श्री राजापानी सामुदायिक वन उपभोक्ता समूह

साविक सालझण्डी -५(हाल सैनामैना -११)रुपन्देही

प.स.:०८१ /०८२            मिति : २०८२।०३।०२
च.न.- ३९

## काठ लिलाम बिक्री सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सुचना

यस राजापानी सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम आ.व.२०७९/०८० र २०८०/०८१ मा पुनरुउत्पादन कटान तथा ढलापडाबाट उत्पादन भएको लट नं.१.र.२ बमोजिमको साल तथा असना जातको गोलिया थान २६७ को जम्मा २६१८।६३ क्यु.फिट काठ जे जस्तो अवस्थामा छ,सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सुचना प्रकासित गरिएको छ। वन पैदावर कारोबार गर्ने इजाजत प्राप्त मु.अ.कर मा दर्ता भएका,कर चुक्ता गरेका र सूचीकृत भएका व्यवसायले यो सूचना राष्ट्रिय दैनिक पत्रिका **बुटवल टुडे ( वर्ष १४ अंक २३४)** मा दोस्रो पटक यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र समुहको कार्यालय तथा डिभिजन वन कार्यालय रुपन्देही बाट बोलपत्र खरिद गरी १६ औं दिन कार्यालय समय भित्र खरिद गरेको निकायमा शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारी तथा सूचना को लागि समूहको कार्यालयमा सम्पर्क राख्न अनुरोध गरिन्छ।

**तपसिल**

**वन पैदावारको विवरण**

| लट नं. | धाङ नं. | जात | ग्रेड | गो. थान | परिमाण | इकाई मुल्य | जम्मा मूल्य | संकलन खर्च | कुल रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | ६ ढलापडा | असना | A | १३ | ३०२।६१ | ४०० | १२१०४४ | ४२३६५ | १६३४०९ | |
| | | असना | B | २० | ४२६।२४ | ३०० | १२७८७२ | ५९६७४ | १८७५४६ | |
| | | असना | C | २८ | १४७।३० | १०० | १४७३० | २०६२२ | ३५३५२ | |
| | ७ पुनरुत्पादन | असना | A | ६ | १२९।८ | ४०० | ५१९२० | १८१७२ | ७००९२ | |
| | | असना | B | १२ | ३०१।१९ | ३०० | ९०३५७ | ४२१६७ | १३२५२४ | |
| | | असना | C | १६ | ७९।३२ | १०० | ७९३२ | १११०५ | १९०३७ | |
| | | | जम्मा | ९५ | १३८६।४६ | | ४१३८५५ | १९४१०५ | ६०७९६० | |
| २. | | साल | A | ९ | १४२।७९ | १२५० | १७८४८८ | १९९९१ | १९८४७९ | आ.व ०७९/०८ को बाकि |
| | | साल | B | ३५ | ३६८।८७ | ९०० | ३३१९८३ | ५१६४२ | ३८३६२५ | |
| | | साल | C | ३८ | १४८।८८ | ६०० | ८९३२८ | २०८४३ | ११०१७१ | |
| | | साल | A | ११ | १६१।४२ | १२५० | २०१७७५ | २२५९९ | २२४३७४ | आ.व ०७९/०८ को बाकि |
| | | साल | B | ३० | २०२।४६ | ९०० | १८२२१४ | २८३४४ | २१०५५८ | |
| | | साल | C | ४९ | २०७।७५ | ६०० | १२४६५० | २९०८५ | १५३७३५ | |
| | | | जम्मा | १७२ | १२३२।१७ | | ११०८४३८ | १७२५०४ | १२८०९४२ | |

रु.जि.व.का. दर्ता नं.३९/३४ २०५८/५९ समूह दर्ता नं.०२७
२०५४/५५

श्याम बहादुर राना
अध्यक्ष
राजापानी सा.ब.उ.स.

# श्री राजापानी सामुदायिक वन उपभोक्ता समूह

साविक सालझण्डी -५(हाल सैनामैना -११)रुपन्देही

प.स.:०८१ /०८२ मिति : २०८२।०३।०२
च.न

१. बोलपत्र खरीद गर्ने अन्तिम मिति र समय मिति : २०८२/०३/१६ गते कार्यालय समय भित्र ।
२. बोलपत्र दाखिला गर्नुपर्ने मिति २०८२/०३/१७ गते कार्यालय समय भित्र ।
३. बोलपत्र फारम लट नं. १ को लागि रु१००० र लट नं.२ को लागि रु २००० -(पछि फिर्ता नहुने गरि) तिरी यस राजापानी सामुदायिक वन उपभोक्ता समूह को कार्यालय बाट तथा डिभिजन वन कार्यालय रूपन्देहीको कार्यालयबाट खरिद गरी सोहि कार्यालयमा दाखिला गर्नुपर्ने छ ।
४. शिलबन्दी बोलपत्र साथ कबोल रकमको १० प्रतिशतले हुन आउने धरौटी यस समुहको नाममा रहेको कामना सेवा विकास बैंक, सालझण्डी शाखामा रहेको वचत खाता नं.०२६००३००१३२६१९००००01 चल्ती खातामा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा खिचिएको बैंक ड्राफ्ट कम्तीमा ६ महिनाको समावेश गर्नु पर्ने छ ।
५. लिलाम बिक्री हुने वन पैदावार सम्बन्धीत घाटगद्धी स्थलमा गई हेर्न सकिने छ ।
६. लिलाममा भाग लिने कम्पनि वा फर्मका प्रोप्राइटरले व्यवसाय दर्ता प्रमाण पत्रको प्रतिलिपी ,नेपाली नागरिकताको प्रमाणपत्र , कर चुक्ताको प्रमाणपत्र र मूल्य अभिबृद्धी कर दर्ता प्रमाणको प्रमाणित पत्रको प्रतिलिपी, स्थायी लेखा नं.(PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपीहरु तथा सम्बन्धित डिभिजन वन कार्यालयमा सूचिकृत भएको प्रमाण पत्र बोल पत्रसाथ अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।
७. रितपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२/०३/१९ गते दिउस २:०० बजे कार्यालय प्रतिनिधि वोलपत्रदाता वा निजका प्रतिनिधी रोहवर यस समुहको कार्यालय सैनमैना-११,रुपन्देहिमा खोलिने छ ।
८. लिलाम स्वीकृतको जानकारी कार्यालयको सुचना पाटीमा टाँस गरिनेछ । स्वीकृतको जानकारी भएको जानकारी प्राप्तभएको १० दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिबृद्धी कर संकलन ,खर्च एव. कानुन बमोजिम लाग्ने कर समेत बुझाई तोकिएको अवधिभित्र उठाई लैजानु पर्ने छ ।
९. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षरमा दुबैमा लेख्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।
१० शिलबन्दी भई नआइको, सम्बन्धीत कार्यालयबाट विक्री नभइको वा बोलपत्रको फोटोकपी दाखिला गरेको , जसको नाममा विक्री भएको बोलपत्र फारम हो ,उसैले तर्फबाट दाखिला नगरेको,वोलपत्रदाताको हस्ताक्षर नभएको (फर्मको हकमा छाप र हस्ताक्षर नभएको ) कबोल अंकको १० प्रतिशत धरौटि समावेश नभएको र बोलपत्र आव्हानको सूचनामा तोकिएका अन्य शर्तहरु पुरा नभएको ,बोलपत्र उपर कारवाही हुने छैन।
११.बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहको कार्य समितिमा निहीत रहने छ ।
१२.उपरोक्त उल्लेखित कुनै दिनमा विदा परेमा सोको भोलीपल्ट कार्यालय खुलेको दिन सोहिअनुसार हुने छ।
१३.यसमा उल्लेख भएकोमा यसै बमोजिम र यसमा उल्लेख नभए जतिको हकमा प्रचलित कानुनअनुसार हुनेछ ।

इति सम्वत् २०८२ साल अषाढ महिना २ गते रोज २ शुभम्...............................................।